श्री सर्वोच्च अदालतको
सूचना
मितिः २०७८।०८।२३

## विज्ञ वा विशेषज्ञको सूची पेश गर्ने सम्बन्धी सूचना

फैसलाहरुको भाषिक अनुवादका लागि विज्ञ वा विशेषज्ञ व्यक्तिको नियुक्ती तथा काम, कर्तव्य, अधिकार र सेवाको शर्त एवं सुविधा सम्बन्धी मापदण्ड, २०७८ मा व्यवस्था गरिएबमोजिम सर्वोच्च अदालत (साविकको प्रधान न्यायालय)को स्थापना देखि वि.सं. २०१३ सम्मका फैसलाहरुको बोधगम्य नेपाली भाषामा अनुवाद गरी सोको लिखत तयार गर्ने र सोको प्रमाणीकरण गर्ने कार्यका लागि विज्ञ वा विशेषज्ञको सूची तयार गर्नुपर्ने भएकोले इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित प्रावधानहरुको अधीनमा रही यो सूचना प्रकाशन भएको मितिले ७(सात) दिनभित्र कार्यालय समयमा यस अदालतको प्रशासन शाखामा निवेदन दर्ता गराउनुहुन सम्बन्धित सबै महानुभावहरुका लागि यो सूचना प्रकाशित गरिएको छ।

**योग्यताः**

कानूनी लिखत वा यस्तै प्रकारका कामसँग सम्बन्धित सरकारी वा अन्य क्षेत्रमा कम्तीमा १५(पन्ध्र)वर्ष सेवा गरी कम्तिमा अधिकृतस्तरबाट अवकाश प्राप्त भई पुराना कानूनी लिखतहरुको अध्ययन/अनुवाद गर्न सक्ने ज्ञान तथा अनुभव भएको।

**निवेदनमा खुलाउनुपर्ने विवरणहरुः**

१. व्यक्तिगत विवरण
२. शैक्षिक योग्यता, ज्ञान तथा अनुभव सम्बन्धी विवरण
३. विज्ञ वा विशेषज्ञताको क्षेत्र
४. लिखत वा यस्तै प्रकारका कामसँग सम्बन्धित सरकारी वा अन्य क्षेत्रको अनुभव
५. अन्य आवश्यक कुराहरु

**विज्ञ तथा विशेषज्ञको कार्यविवरण**

१. प्रधान न्यायालयबाट भएका हस्तलिखित फैसलाहरुमा उल्लिखित बेहोरा वोधगम्य नेपाली भाषामा हुबहु उतार गरी उतार गरेको हस्तलिखित प्रति टाइप गराउन सम्पादन शाखामा उपलब्ध गराउने।
२. फैसला नेपाली युनिकोडमा साइज १२ को फन्टमा प्रति पेज १.२५ सेमीको लाइन स्पेस र देब्रे तर्फ १.२५ इन्च तथा दाहिने तर्फ र पेजको अन्तिममा ०.५ इन्च मार्जिन छोडी **A4** साइजको कागजमा टाइप गरिएको हुनुपर्ने। अन्तिम पाना जति हरफको भए पनि १ पेज मानिने।
३. प्रत्येक विज्ञले दैनिक रुपमा ५ थान फैसलाका दरले मासिक रुपमा १५० थान फैसला उल्था गरी टाइपको कार्य सम्पन्न भएपश्चात सक्कल बमोजिम नक्कल दुरुस्त भएको बेहोरा जनाई सम्पादन शाखामा बुझाउनुपर्ने। तर ५ थान फैसला पुरा हुनुपूर्व नै उल्लेखित शर्तबमोजिम १० पेज पुरा भएमा उक्तदिनको काम पुरा भएको मानिने छ।

**पारिश्रमिक तथा सुविधाः** सम्झौतामा उल्लेख गरिने।

सूचिकरणको लागि निवेदन फारम यस अदातको वेभसाइट **www.supremecourt.gov.np** बाट **download** गर्न सक्नुहुने र यससम्बन्धी विस्तृत विवरणको लागि यस अदालत सम्पादन तथा प्रकाशन शाखाका शाखा अधिकृत श्री नरेश कार्की (मो.नं. ९८६०९८७२२३) मा सम्पर्क गर्न सक्नुहुने बेहोरासमेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

प्रशासन शाखा

# सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

**विज्ञ तथा विशेषज्ञको लागि दरखास्त फाराम**

फोटो

**क. आवेदकले दरखास्त फाराम भरेको पदसम्बन्धी विवरण**

१. सूचना नं. :

२. पद :

**ख. आवेदकको व्यक्तिगत विवरण :**

**१. उम्मेद्वारको नाम, थर (देवनागरीमा) :**

**(अङ्ग्रेजीमा) :**

**२. नागरिकता नं. :**

क. जारी गर्ने जिल्ला :

ख. जारी मिति :

**३. लिङ्ग :**

**४. स्थायी ठेगाना :**

क. जिल्ला :

ख. गा.पा./न.पा. :

ग. वडा नं. :

घ. टोल :

**५. पत्राचार गर्ने ठेगाना :**

**६. इमेल :**

**७. सम्पर्क नम्बर :**

**८. आमाको नाम, थर :**

**९. बाबुको नाम, थर :**

**१०.बाजेको नाम, थर :**

**११.पति / पत्नीको नाम, थर :**

**१२.जन्म मिति :**

क. विक्रम संवत् :

ख. इस्वी संवत् :

**१३.हालको पेसा :**

**ग. शैक्षिक योग्यता / तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता / तालिम मात्र उल्लेख गर्ने )**

| आवश्यक न्युनतम योग्यता | विश्वविद्यालय | शैक्षिक उपाधि / तालिम | संकाय | श्रेणी / प्रतिशत | मुख्य विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| तालिम | | | | | |

घ. अनुभव सम्बन्धी विवरण (दरखास्त फाराम भरेको पदको विज्ञापनको लागि अनुभवको विवरण आवश्यक भएमा मात्र उल्लेख गर्ने )

| कार्यालय | पद | सेवा / समूह / उपसमूह | श्रेणी / तह | स्थायी / अस्थायी / करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

ङ. विज्ञ वा विशेषज्ञताको क्षेत्र

-
-
-

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरू सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानूनबमोजिम सहनेछु / बुझाउनेछु । उम्मेदवारले पालन गर्ने भनी प्रचलित कानून, प्रकाशित सूचना तथा यस दरखास्त फारामका पृष्ठहरूमा उल्लिखित सबै सर्त तथा नियमहरू पालन गर्न मन्जुर गर्दछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | | उम्मेदवारको दस्तखत : |
|---|---|---|---|
| दायाँ | बायाँ | | |
| | | | मिति : |

**कार्यालयले भर्ने**

| रसिद / भौचर नं. | दर्ता नं. |
|---|---|
| दरखास्त अस्वीकृत भए सोको करण : | |
| दरखास्त रूजु गर्नेको दस्तखत :<br>मिति : | दरखास्त स्वीकृत / अस्वीकृत गर्नेको दस्तखत :<br>मिति : |

**द्रष्टव्य :** दरखास्त साथ सूचनामा उल्लिखितलगायत निम्न लिखित कागजातहरू अनिवार्य रूपमा उम्मेदवार आफैँले प्रमाणित गरी पेस गर्नुपर्नेछ ।

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. सूचना भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।
३. तालिम र अनुभव आवश्यक पर्नेमा सोसमेतको प्रतिलिपि ।